श्री ५ को सरकार

## अर्थ मन्त्रालयको

### सूचना १

श्री ५ को सरकारको मिति २०४३।२।२८ को निर्णयानुसार नेपाल इन्जिनियरिङ्ग सेवा, मेट्रोलोजी समूह, पदसंकेत आ।ना।तौ।वि। ०६।१, नापतौल विभाग अन्तर्गत नापतौल कार्यालय वागमती अञ्चलको रा. प. द्वितीय श्रेणी (उप-सचिव सरह) (प्राविधिक) को वरिष्ठ निरीक्षक श्री टीकाप्रसाद उप्रेतीलाई सोही सेवा र समूहको रा. प. प्रथम श्रेणी (सह-सचिव सरह) को पदमा बढुवा गरी सोही विभागमा रिक्त रहेको पदसंकेत आ।ना।तौ।वि।१०।२ को मुख्य निरीक्षक पदमा पदस्थापन गरिएको छ ।

### सूचना २

खण्ड २६ मिति २०३३।३।३१ अतिरिक्ताङ्क ६+ (ख) को नेपाल राजपत्र भाग ४ मा प्रकाशित निर्माण तथा यातायात मन्त्रालयको सूचनामा श्रमि टक्सार विभाग अन्तर्गत कायम रहेको आ।टा।वि।०६।२ र ०७।१ देखि ०७।१३ सम्मको पद संकेतहरू खारेज गरेकोले यो सूचना प्रकाशित गरिएको छ ।

आज्ञाले,
लोकबहादुर श्रेष्ठ
श्री ५ को सरकारको सचिव

### सूचना ३

श्री ५ को सरकारले भन्सार ऐन, २०१९ को दफा ३४ क.ले दिएको अधिकार प्रयोग गरी प्र.ह. श्री अर्जुनबहादुर पुरी समेतको प्रतिवेदनबाट वादी श्री ५ को सरकार प्रत्येवादी महमद अमजद समेत भएको विदेशी माल सामान चोरी निकासी मुद्दाको सम्बन्धमा कारवाही र किनारा गर्न भन्सार कार्यालय जलेश्वरको वरिष्ठ भन्सार अधिकृत श्री खगेन्द्रदेव जोशीलाई तोकेको छ ।



४०१

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना ४

खण्ड ३५ मिति २०४२।११।१३ संख्या ४५ को नेपाल राजपत्र भाग ४ मा प्रकाशित यस मन्त्रालयको अन्तःशुल्क छुट दिने सम्बन्धी सूचना मिति २०४४ साल आषाढ मसान्तसम्मको लागि कायम गरिएको छ ।

आज्ञाले,
वासुदेव प्रधान
श्री ५ को सरकारको का. मु. सचिव

## भूलसुधार

नेपाल राजपत्र भाग ३ खण्ड ३६ भदौ २ गते २०४३ साल संख्या १९ मा प्रकाशित यस मन्त्रालयको सूचनामा निम्नबमोजिम भूलसुधार गरिएको छ।

| पृष्ठ | दफा | हरफ | भएको | हुनुपर्ने |
|---|---|---|---|---|
| २ | ६ | ७ | जमाना | जमानी |
| ,, | ७ | १ | शेयरको फिर्ता लिने | शेयर फिर्ता लिने |
| ७ | १९ | २ | कुन | कुनै |
| १३ | ३३(ङ) | १ | जायजेठा | जायजेथा |

भूमिसुधार मन्त्रालय

890



श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।